नेपाल सरकार
गृह मन्त्रालय
# प्रहरी प्रधान कार्यालय
# केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोनः ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्सः ०१-४४१४३११
पो.ब.नं. ४०७
लाजिम्पाट, काठमाडौँ

मिति २०८१/०३/१९ गते ।
ने.सं. ११४४ तछलागा १२, बुधबार

## प्रेस विज्ञप्ती

**बिषयः- ध्यानाकर्षण भएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा Ukeraa.com लगायतका केही अनलाईन मिडिया तथा पत्र पत्रिकाहरुमा आधारहिन तवरबाट सामाजमा भ्रम तथा अफवाह फैलाउने हेतुले बिगत केही दिन देखी प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट बिभिन्न ब्यक्तिहरुको नाम समेत तोकी पक्राउ गर्न प्रहरी खटिगएको भनि असत्य र भ्रामक बिषयबस्तु राखी ब्यूरो प्रमुख तथा ब्यूरोका सूचना अधिकारीसंग समेत प्रहरी अनुसन्धान तथा कारवाही सम्बन्धमा भएका सत्यता परीक्षण नगरी आफुखुशी आम-जनमानसमा भ्रम सृजना गरी, अराजकता फैलाउने उद्देश्यले कपोकल्पित समाचार बनाई अतिरञ्जित तवरबाट प्रकाशन तथा प्रशारण गरेको पाईएको हुँदा त्यस्ता आधारहिन र अपुष्ट समाचाहरु प्रति यस ब्यूरोको गम्भिर ध्यानाकर्षण भएको छ । त्यस्ता भ्रामक, कपोकल्पित र सत्यता परीक्षण नगरी प्रकाशन तथा प्रशारण गरीएका असत्य समाचारहरुको यस ब्यूरोले खण्डन गर्दछ । अपराध अनुसन्धान सम्बन्धमा भए गरेका प्रगति बिबरण तथा व्यक्ति पक्राउ सम्बन्धमा भए गरेका सूचनाहरु यस ब्यूरोले नेपाल प्रहरीले अबलम्वन गरेको मिडिया नितिको अधिनमा रही सूचना अधिकारी मार्फत सूचना प्रेषित हुँदै आईरहेको छ । साथै कुनै अनुसन्धान तथा प्रहरी कारबाही सम्बन्धमा सत्यता परीक्षण नगरी भ्रामक, कपोकल्पित र आधारहिन समाचार प्रशारण तथा प्रकाशन नगरिदिनु हुन व्यूरो सम्पुर्ण सञ्चारकर्मीहरुमा अनुरोध गर्दछ ।

प्रहरी उपरीक्षक
(होबिन्द्र बोगटी)
प्रवक्ता एवं सूचना अधिकारी